ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST:18:40 hrs.                    Date: 12.01.2026

CM Youth Day: IPR

मुख्यमन्त्री प्रेमसिंह तामाङले **राष्ट्रिय युवा दिवस** २०२६ को अवसरमा सबै युवाहरूप्रति हार्दिक शुभकामना व्यक्त गर्नुभयो। उहाँले आफ्नो आधिकारिक फेसबुक पेजमा भन्नुभएको छ, महान दूरदर्शी र आध्यात्मिक नेता स्वामी विवेकानन्दको जन्मजयन्तीको सम्झनामा मनाइने यस महत्त्वपूर्ण दिवसले हाम्रा युवाहरूमा रहेको अपार शक्ति, क्षमता र जिम्मेवारीको सम्झना गराउँदछ। साथै, उहाँले यस युवामुखी कार्यक्रम, **विकसित भारत युवा नेता संवाद २०२६** को सफल सञ्चालनक◌ा लागि शुभकामना व्यक्त गर्नका साथै युवा पुस्ताको क्षमतालाई पोषित गर्नमा समर्पित प्रयासहरूक◌ा लागि प्रधानमन्त्री नरेन्द्र मोदी र सम्बन्धित सबैप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ।

STC SAI: IPR

स्वामी विवेकानन्दको जन्मजयन्तीका उपलक्ष्यमा, आज एसटीसी साई नाम्चीमा **मेरो भारत केन्द्र**, नाम्चीसँगको सहकार्यमा राष्ट्रिय युवा दिवस मनाइयो। यस अवसरमा, सहभागीहरूलाई सशक्त, जिम्मेवार र प्रगतिशील समाज निर्माण गर्ने साम◌ूहिक प्रतिबद्धतालाई पुन: पुष्टि गर्दै,

राष्ट्रिय युवा दिवसको प्रतिज्ञा गराइयो। भेलालाई सम्बोधन गर्दै, जिल्ला कार्यक्रम संयोजक बीएस मल्लिकले राष्ट्रिय युवा दिवसको महत्त्वमाथि प्रकाश पार्नुभयो र यस उत्सवले युवा दिलोदिमागलाई स्वामी विवेकानन्दको आदर्श र शिक्षाहरू पालना गर्न प्रेरित गर्ने महत्त्वपूर्ण मञ्चका रूपमा काम गर्ने बताउनुभयो।

## DC Namchi-Maghey Sankranti: IPR

नाम्चीका जिल्लापाल अनुपा ताम्लिङले बहुप्रतीक्षित **माघे संक्रान्ति मेला** २०२६ लाई ध्यानमा राख्दै, आज जिल्ला प्रशासनिक केन्द्रमा अन्तिम तयारी बैठक गर्नुभयो। उहाँले बैठकमा सबै लाइन विभागहरूको तयारीको मूल्याङ्कन गर्नका साथै सार्वजनिक सुरक्षा, प्रभावकारी भीड व्यवस्थापन, सरसफाई, ट्राफिक नियमन, स्वास्थ्य सेवा, बिजुली र पानी आपूर्ति, अनि आपतकालीन प्रतिक्रिया संयन्त्रहरू सुनिश्चित गर्न समन्वयात्मक प्रयासहरूमा जोड दिनुभयो। कानुन व्यवस्था कायम राख्ने, मेला परिसरको सरसफाइ, र भक्तजन, आगन्तुक र विक्रेताहरूका लागि पर्याप्त सुविधाहरू प्रदान गर्नमा विशेष ध्यान केन्द्रित गरिएको छ।

## CM-Party Conference: Vishnu Neupane

सिक्किम क्रान्तिकारी मोर्चा पार्टीका सुप्रिमो तथा मुख्यमन्त्री प्रेमसिंह तामाङले आज मानन केन्द्रमा आयोजित तीनदिने पार्टी अधिवेशनको तयारी कार्यक्रमलाई सम्बोधन गर्नुभयो। उहाँले कार्यक्रममा उपस्थित पार्टीका नेता, कार्यकर्ता तथा सदस्यहरूलाई सम्बोधन गर्दै, पार्टी सङ्गठन सुदृढ बनाउन एकता, अनुशासन र सामूहिक उत्तरदायित्वको महत्त्वहमा जोड दिनुभयो र यो तयारी कार्यक्रम आगामी पार्टी गतिविधि तथा कार्यक्रमहरूका लागि समन्वय, संगठनात्मक क्षमता र तयारीलाई अझ प्रभावकारी बनाउने उद्देश्यले आयोजना गरिएको बताउनुभयो।

साथै, उहाँले पार्टीको जनमुखी शासनप्रतिको प्रतिबद्धता पुनः दोहोऱ्याउँदै, पार्टी कार्यकर्ताहरूलाई जनतासँग नजिक रहन र पार्टीका सिद्धान्त तथा दृष्टिकोणलाई व्यवहारमा उतार्न आग्रह गर्नुभयो। यो तयारी कार्यक्रम सङ्गठनात्मक रणनीतिहरूको समीक्षा, जिम्मेवारी बाँडफाँड तथा भावी कार्यक्रमहरूका लागि पार्टी कार्यकर्ताहरूलाई सक्षम बनाउने उद्देश्यले आयोजना गरिएको हो, जसमा राज्यभरिका पार्टी नेता तथा कार्यकर्ताहरूको सक्रिय सहभागिता रहेको थियो।

## Basketball Association: DESK

सिक्किम बास्केटबल संघले 4 देखि 11 जनवरी 2026 सम्म चेन्नईमा आयोजित पचत्तरौं सिनियर राष्ट्रिय बास्केटबल च्याम्पियनशिपमा भाग लिन आफ्ना सिनियर पुरुष र सिनियर महिला टोलीहरूलाई पठाएको छ। यो च्याम्पियनशिप सिनियर राष्ट्रिय बास्केटबल प्रतियोगितामा सिक्किमका टोलीहरूको पहिलो सहभागिता भएकाले एक ऐतिहासिक क्षण हो। सिनियर महिला टोलीले उत्कृष्ट प्रदर्शन गर्दै, च्याम्पियनशिपको क्रममा तीन खेल जित्यो भने पुरुष टोलीले पनि आफ्नो पहिलो खेल जित्नका साथै राष्ट्रिय स्तरमा बहुमूल्य अनुभव प्राप्त गऱ्यो। सङ्गठनले मुख्यमन्त्री प्रेमसिंह तामाङलाई उहाँको अटल समर्थनका लागि हार्दिक आभार व्यक्त गरेको छ।

## Football: Sagar Chettri

जोरथाङ फुटबल स्टेडियममा जारी एघारौं अखिल भारतीय मुख्यमन्त्री गोल्ड कप फुटबल प्रतियोगिता 2026 मा, बीएसएफ जालन्धरले क्वार्टरफाइनल स्थान सुरक्षित गरेको छ।

आज अन्तिम प्रि-क्वार्टरफाइनल खेल खेल्दै, बीएसएफ जालन्धर रामहलुन फुटबल क्लब, मिजोरमलाई 2-1 ले हराएर प्रतियोगिताको अर्को चरणमा प्रवेश गरेको छ। प्रतियोगिताको पहिलो क्वार्टरफाइनल खेल 14 जनवरीमा रेड पाण्डा फुटबल क्लब, नाम्ची र चर्च ब्वाइज युनाइटेड, नेपालबीच खेलिनेछ। यो प्रतियोगिता जोरथाङ फुटबल संघले खेलकुद तथा युवा मामिला विभाग सिक्किम सरकार, सिक्किम फुटबल संघ र माघे संक्रान्ति मेला आयोजक समितिसँगका सहकार्यमा आयोजना गरिरहेको छ।

समाचार पूरा भयो।